आर्थिक वर्ष २०७८/०७९ को

# बार्षिक नीति तथा कार्यक्रम

**मेल्लेख गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

विन्ध्येवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश

**गाउँ सभाका अध्यक्ष ज्यू,**

प्रमुख अतिथि, अतिथि, गाउँसभा सदस्य, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, पत्रकार तथा सुरक्षाकर्मी मित्रहरु ।

गणतन्त्र नेपालको पहिलो स्थानीय निर्वाचनबाट निर्वाचित भएको चौथो वर्ष पुगेको अवसरमा सर्वप्रथम लोकतन्त्र र गणतन्त्र प्राप्तिको आन्दोलनमा जीवनको वलिदान गर्नुहुने सम्पूर्ण आदरणीय वीर अमर शहिदहरुप्रति श्रद्धाञ्जली तथा सम्मान व्यक्त गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरस (कोभिड १९) को दोस्रो लहरले हाम्रो देश र गाउँपालिकाका बस्तिहरुमा पनि प्रभाव पारिरहेको सबैलाई अवगत नै छ । कोरोनाको महामारीबाट ज्यान गुमाउनु भएका सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनहरुमा समवेदना र संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

नेपाल सरकारले कोरोना संक्रमणको प्रभावलाई रोक्न जि.प्र.कार्यालय, अछामबाट २०७८ बैशाख १९ गते देखि गरेको बन्दा बन्दीलाई मेल्लेख गाउँपालिकाले पनि पूर्ण पालना गर्दै आएको छ । हालसम्म पनि बन्दाबन्दीको अवस्था कायम रहेको र यसको पालना गर्नु सबैको कर्तब्य रहेको छ । गाउँपालिकाले कोरोना रोग व्यवस्थापनका लागि आवश्यक तयारी, सबै जनताको सहयोग र अघिल्लो वर्षको अनुभवबाट समेत व्यवस्थापनमा सहज भएको छ । **'आफु वचौं: अरुलाई पनि बचाऔं'** भन्ने उद्देश्यका साथ असहज परिस्थितिमा पनि संयमित तरिकाले होम क्वारेन्टीनमा वसिदिनु भएकोमा सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । यस क्रममा जुनसुकै क्षेत्रबाट जो जसले सहयोग गर्‍यौं सह्रायिन छ र सबै जना धन्यवादका पात्र हुनुहुन्छ । फेरी पनि कोरोनाका मापदण्डहरु पालना गर्न र गराउन सबैमा अनुरोध गरिन्छ ।

नेपाल सरकारको नीति तथा स्थानीय तहलाई प्राप्त निर्देशन अनुसार हामीलाई उपलव्ध बजेटका आधारमा र हाम्रो क्षमताले भ्याएसम्म व्यवस्थापन गर्ने कार्य भैरहेको छ । संक्रमण नियन्त्रण तथा उपचारमा अग्रपंक्तिमा ज्यानको प्रवाह नगरी अहोरात्र खट्नु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, कर्मचारी लगायत सबै सहयोगीहरुप्रति सम्मान तथा आभार प्रकट गर्न चाहन्छु ।

कोरोना महामारीका कारण विश्वका विकसित शक्ति राष्ट्रहरुमा समेत व्यवस्थापनमा समस्या उत्पन्न भई अर्थतन्त्र ओरालो वा ऋणात्मक हुने विश्व बैंक लगायत अन्तरराष्ट्रिय संघ संस्थाहरुको अनुमान अनुसार र यही जेठ १५ गतेको नेपाल सरकारको बजेट वक्तब्यको योजना अनुसार पनि हामी समेत प्रभावित हुने र हाम्रो मुलुकको वास्तविकता अनुसार र अहिलेको प्राथमिकताका आधारमा नीति तथा कार्यक्रम तयार गर्नु पर्ने बाध्यात्मक अवस्थामा छौं । साथै, अघिल्लो वर्षको कोभिडका कारण पनि योजना प्रभावित भएको अवस्था समेत विद्यमान छ ।

अत्यावश्यक स्वास्थ्य सामग्री, यातायातको व्यवस्था तथा न्यून आय भएकाहरुलाई जिन्सी सामग्रीका निम्ति विभिन्न सामानहरु खरिद गरिएको छ । हाल संक्रमितहरुको संख्या र अवस्थालाई मध्येनजर गर्दै अस्पतालहरुमा

बढी समस्या भएकालाई मात्र राखिने भएकोले सामान्यलाई सम्वन्धित गाउँ/नगरपालिकाहरुले नै व्यवस्थापन गरी राख्ने निर्देशन आएपछि झन् कठिनाई पैदा भएकोले एकान्त कोठामा राखिने संक्रमितहरुका लागि आवश्यक सामान, स्वास्थ्यकर्मीहरुका लागि व्यक्तिगत सुरक्षाका उपकरण, द्रुतगति परीक्षण कीट र लुगाहरु समेत स्थानीय बजारमा उपलव्ध नहुने भएकोले बाहिरबाट सार्वजनिक खरिद ऐनका निर्दिष्ट सिमा अनुसार खरिद गरी मगाउने काम भएको छ ।

गाउँपालिका अन्तर्गत रहेको आइसोलेसनमा रहेको संख्या ४, एन्टिजिन प्रविधिवाट जाँच गरिएको संख्या ५६ जना, र पि सि आर प्रविधिद्वारा जाँच गरिएको १९७ जना रहेको छ, संक्रमितको संख्या १४८ जना रहेकोमा ४ जनाको मृत्यु भएको तथा बाँकी निको भइसकेको अवस्था छ । भौतिक संरचना, जनशक्ति र साधनश्रोतको अभावको कारण व्यवस्थापन गर्न कठिनाईका बाजजुद व्यवस्थापनमा सक्षम भएका छौं । अघिल्लो वर्षको अनुभवबाट संक्रमितको अवस्था हेरी व्यवस्थापन गरिएको छ ।

वन्दा वन्दीको कारणले पूर्वाधार विकासमा ठूलो असर गरेको छ । त्यसका बाबजूद सामाजिक दूरी कायम गरी हाल गाउँपालिका भवन, वडा नं ७ को वडा कार्यालय भवन, वडा नं. २ को वडा कार्यालय, ग्रामिण उद्योग भवन, १५ शैया अस्पतालको भवन, सानिखेत स्थित ४ कोठे भवन र पहिरो पिडितका घर टहराहरु सम्पन्नताको अन्तिम चरणमा रहेका छन् भने आठ वटै वडाहरुमा आइसोलेसन भवन, वडा नं. ३ स्थित दर्वामा कुटिल उद्योग, चण्डीका मा.वि.को ६ कोठे भवन, वडा नं. ६ स्थित बालोदय आ.वि.को भवन, वडा नं. ५ स्थित भवानी आ.वि.को ४ कोठे भवन, निर्माणाधिनको अवस्थामा रहेका छन् ।

विश्वभरी महामारीका रुपमा देखिएको कोभिड १९ को संक्रमण तत्काल सामान्य अवस्थामा आउने नदेखिएकोले यस असरलाई न्यूनिकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौति हो । यो परिस्थितिमा हाम्रा आवश्यकता तथा प्राथमिकताहरु पनि वदलिएका छन् । कोभिड १९ को असरबाट सिर्जित आवश्यकताहरुको पहिचान गरी सोही अनुरुपको नीति तथा कार्यक्रमहरु वजेटमा प्राथमिकता साथ राख्न जरुरी देखिएको छ ।

## बार्षिक योजना तथा वजेट तर्जुमाका आधारहरु

**वार्षिक योजना तथा वजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिइएको छ ।**

१) नेपालको संविधान
२) स्थानीय सरकार संचालन ऐन, २०७४
३) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
४) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
५) स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
६) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
७) स्थानीय तहको मध्यकालिन खर्च संरचना

८) श्रोत साधन
९) विकासका अन्तर सम्बन्धित विषयहरु
१०) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
११) संघीय र प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशनहरु

## वार्षिक योजना तथा वजेटका प्राथमिकताहरु

**गाउँपालिकाले वार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिएको छ ।**

१) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
२) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
३) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
४) स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
५) स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
६) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
७) लैङ्गिक समानता र सामाजिक, समावेशिकरण अभिबृद्धि हुने,
८) दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
९) दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने,
१०) पोषण कार्यक्रमलाई प्रवद्धन गर्ने ।

## विषयगत क्षेत्रहरु

## (क) आर्थिक विकास

**कृषि तर्फ :**

- आगामी बर्ष कृषक संख्या, खेती योग्य जमिन, बाली प्रणाली, पशुपालन, सिंचित असिंचित क्षेत्र गरी कृषि क्षेत्रको विस्तृतरुपमा तथ्याङक संकलन गरी गाउँपालिको कृषि प्रोफाईल तयार गरिनेछ । किसान सुचिकरण कार्यको सुरु गरिनेछ ।
- धान, गहुँ, मकै र आलु ब्यावसायिक खेती प्रबिधि गर्न चाहने कृषकहरुलाई जिल्ला कृषि ज्ञान केन्द्र सँगको समन्वयमा ५० प्रतिशत अनुदानमा बिउबिजन तथा फलफुलका बिरुवाहरु आवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

- प्रतिकुल मौसमका कारण कृषकको खेति बालीहरुमा लाग्ने रोग किराहरु नियन्त्रण गरी बाली सुरक्षित गर्न जैविक र रासायनिक विषादि आवश्यकता अनुसार निशुल्क वितरण गरिनेछ । बाली सुरक्षित गर्न जैविक र प्राङगारिक तरिकाहरुलाई प्रोत्साहन गरिनेछ ।
- मेल्लेख गाउँपालिकाको खेतियोग्य बाजो जमिनलाई सदुपयोग गर्न फलफुल बिरुवा रोपणलाई प्राथमिकता दिईनेछ । यस आ.व.मा एक नमुना फलफुल बगैचा स्थापना गरिनेछ ।
- नेपाल कृषि अनुसन्धान परिषद (NAARC) सँगको समन्वयमा यस क्षेत्रका रैथाने बालीहरु कोदो, मकै र आलु को गुणस्तर पहिचान र बृद्धि गर्न पहल गरिनेछ ।
- अर्गानिक कृषि उत्पादनलाई प्रमाणिकरण, ब्रान्डीङ र बजारिकरण गरी मेल्लेख गाँउपालिकाको स्थानिय उत्पादनको पहिचान स्थापित गर्ने कृषि सहकारिलाई अनुदान उपलब्ध गराइनेछ ।
- हावा पानी अनुकुल खेति गर्न एवं उचित मात्रामा मल, बिउ र कृषि प्रबिधिको उपयोग गर्न कृषि प्राबिधिकहरु मार्फत निरन्तर सेवा, परामर्श र सल्लाह औपचारिक तथा अनौचारिक रुपमा उपलब्ध गराइनेछ ।
- कृषि शिक्षाबाट हासिल गरेको ज्ञान र सिपलाई कृषि कार्य र उत्पादन बृद्धिमा सदुपयोग गर्न कृषि समुहमार्फत ब्यवसाय गर्न चाहने १८ महिने कृषि जे.टि.ए. र कृषि डिप्लोमा पास गरी बसेका बेरोजगार युवाहरुलाई प्रतिफलका आधारमा प्रोतसाहन स्वरुप अनुदान उपलब्ध गराइने छ । बिदेशबाट फर्की ब्यावसायिक कृषि गर्न चाहनेलाई बिउबिजन र बिरुवा अनुदानमा उपलब्ध गराइनेछ साथै प्राबिधिक सेवा निशुल्क उपलब्ध गराइने छ ।
- आगामी केही बर्ष मै आलु बालीसँगै प्रमुख निर्यात बालिको रुपमा बिकास गर्ने उदेश्यका साथ अदुवा र बेसार बालीको बिउ भण्डारण क्षमता बृद्धि गरि ७८।७९ आ.व.मा ७७।७८ आ.व. भन्दा ४ गुण बढी क्षेत्रफलमा खेति बिस्तार गरिनेछ । अदुवा र वेसारमा गा.पा.लाई आत्मनिर्भर गराई निर्यात गर्ने व्यवस्था मिलाइने छ ।

**पशुसेवा तर्फ** ः

- पशुहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन हुने गरी कार्यक्रम गरिने छ ।
- बढ्दो अण्डा र मासुको मागलाई ध्यानमा राख्दै आयातित अण्डा र मासुलाई प्रतिस्थापन गर्ने र स्थानीय स्तरमा उत्पादन गरी स्वरोजगार बढाउने कार्यक्रम सञ्चालन गरिने छ ।
- परम्परागत वाखा व्यवसायलाई विस्थापित गरी व्यवसायिक बाखा पालनलाई संस्थागत गर्नका लागि बाखा पकेट कार्यक्रम सञ्चालन गरिने छ ।
- मासुमा गा.पा. आत्मनिर्भरको चरणमा रहेको छ । यसै आ.व.मा झण्डै एक करोड वराबरको अनुदान उपलब्ध गराइएको छ र केही बाखापालनका ठाउँहरु हेर्न लायक र निर्यातमा रहेका छन् ।
- भैंसीपालनका लागि भैंसीहरुको नश्ल सुधार कार्यक्रम सञ्चालन गरी “स्वच्छ दुधः स्वच्छ गोठ देखि स्वच्छ ओठ सम्म” अभियान कार्यक्रम सञ्चालन गरिने छ ।
- पशु ल्याव तथा पशु प्राविधिकहरुलाई तालिमको व्यवस्था गरी पशुमा लाग्ने रोग पहिचानलाई सहज बनाइने छ ।

- पशुहरुमा लाग्ने रोगहरुको भ्याक्सिन र औषधि उपचार कृषकको घरगोठमा गरिँदै आएको सेवालाई निरन्तरता दिईएको छ ।

## उद्योग तथा यातायात

- गाउँपालिका अन्तर्गत ग्रामिण उद्योग अनुमति प्राप्ति पश्चात् ग्रामिण क्षेत्रका कच्चापदार्थहरु सदुपयोगको लागि विषेश पहल गरी ग्रामिण उद्योग सञ्चालन गरिने छ ।
- जनताले उत्पादन गरेका कोदो, जौ, मकै लगायतका सामाग्रीहरुलाई गाउँपालिकाले खरिद गरी निर्यातको व्यवस्था गरिनेछ ।
- ग्रामिण उद्योगलाई व्यवस्थित गर्न एउटा **ग्रामिण उद्योग समिति** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- रोजगारी र आत्मनिर्भरता लाई मध्येनजर गरी कच्चा पदार्थको आवश्यकता हेरी वडा नं.३ ठाँटीको दर्वामा **कुटानी पिसानी उद्योग** स्थापना गर्न रकम विनियोजन गरिनेछ ।
- उद्योग मार्फत तेजपत्ता (दालचिनी), टिमुर, अलैची, नेपाली कागज, लसुन लगायतका सामाग्रीहरु गा.पा.ले खरिद गरी निर्यातको व्यवस्था मिलाइने छ ।
- गा.पा.मा वस तथा अन्य यातायात व्यवस्थापन तथा पारदर्शीता गर्नको लागि **यातायात शाखा** निर्माण गरिनेछ ।
- गाउँपालिकामा **गार्मेन्ट उद्योग** स्थापना गरी सम्पूर्ण कर्मचारी, शिक्षक, विद्यार्थी, जनप्रतिनिधिलाई अनिवार्य रुपमा सो उद्योगवाट उत्पादित ड्रेसहरु लिनुपर्ने व्यवस्था मिलाइने । (नीजि क्षेत्रसँग साझेदारीलाई पहिलो प्राथमिकता दिइने छ ।)
- स्थानीय उत्पादन डोका, नाग्ला, ठेकी लगायतका उत्पादन सामाग्रीहरुलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- ढुङ्गा, गिट्टी, बालुवा आदिको पहिचान गरी आन्तरिक आयश्रोत बढाउने नीति अवलम्बन गरिने छ ।
- वाँस, काठ, निगाला उत्पादन तथा वितरणको लागि पहल गरिनेछ ।
- संचालित उद्योगहरुलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ ।

## पर्यटन तर्फ ः

- पर्यटन तथा प्रवर्द्धनको लागि पर्यटकीय क्षेत्रहरुको पहिचान गरी त्यसको ऐतिहासिक पृष्ठभूमी निर्माणको लागि प्रचार प्रसार गर्न डकुमेन्ट्री तथा व्रोसरहरु निर्माण गर्न सम्झौता गरी वजेट विनियोजन गरिएको छ ।
- पर्यटन क्षेत्रलाई संरक्षण गरिनेछ ।

## सहकारी तर्फ ः

- सहकारी संस्था रजिष्ट्रेसन, एकीकरण, विभाजन, विघटन र खारेजी तथा सहकारी संस्थाको निरिक्षण, प्रवर्द्धन, सम्वर्द्धनका लागि आवश्यक सिफारिस गर्ने कामहरुलाई निरन्तरता दिइने छ ।

- सहकारी क्षेत्रलाई सुदृढ गर्नको लागि तालिमको व्यवस्था मिलाइने छ ।
- गा.पा अन्तर्गतका सम्पूर्ण सहकारीहरुलाई सक्रिय बनाउन पहल गरिने छ ।
- पूर्व गरिवी निवारण कोषबाट समूहलाई हस्तान्तरित पूँजीकोष लाई सहकारिकरण गर्न पहल गरिनेछ ।
- सुदृढ, निरन्तर र व्यवस्थित सहकारी भवन निर्माणको लागि साझेदारी अनुदानको व्यवस्था गरिनेछ ।

## (ख) सामाजिक विकास तर्फः

**शिक्षा :**

- शैक्षिक गुणस्तर सुदृढीकरणका लागि कार्ययोजना बनाई लागु गरिनेछ ।
- चण्डीका मा.वि. ऋषिदहमा यसै आ.व. देखि कक्षा ११ र १२ को अध्याय अध्यापन सुरु गरिने छ । र कालिका मा.वि हात्तिको सम्बोधनको प्रक्रियालाई अगाडि बढाइने छ ।
- बिगतका अनुभवको समिक्षा, बर्तमानको आंकलन र भविष्यको परिकल्पना गर्दै मेल्लेख गाउँपालिकाले चालु आ.व. मा तयार गरेको शिक्षा योजना २०७८-०८८ गरी १० वर्षे गुरु योजनालाई लागू गरिनेछ
- सबै बालबालिका विद्यालय जाउन् र गुणस्तरीय शिक्षा पाउन् भन्ने मुल मन्त्रलाई आत्मसात गरिनेछ ।
- गाउँपालिकाको स्रोतबाट तलव खाने शिक्षक हरुको तलव भत्ता प्राविका लागि १२००० वाट वढाइ १५०००, निमावि १५००० बाट बढाइ १६००० र मावि १८००० बाट बढाइ १९००० रुपैयाको बजेट विनियोजन गरिएको छ ।
- डाक्टर, इन्जिनियर जस्तो प्राविधिक उच्च शिक्षाका लागि कार्यविधि बनाइ योग्य र लक्षित बर्गका लाभान्वित हुने गरी छात्रबृतीको ब्यबस्था गरेका छौं ।
- अभिभावक विहीन शहिद परिवारका बालबालिकाका लागि पोशाक सहित शैक्षिक सामाग्रीका लागि बजेट विनियोजन गरिएको छ ।
- शिक्षकको कार्यदक्षता अभिबृद्धी गर्न सवै तहका शिक्षकका लागि मागमा आधारित तालिमका लागि बजेट विनियोजन गरिएको छ ।
- बालविकास शिक्षकको तलव ६००० बाट बढाइ १५०००, विद्यालय कर्मचारी लेखापालको तलव ११५०० बाट बढाइ रु १५००० र विद्यालय सहयोगी को रु १००० थपि आवश्यक वजेट विनियोजन गरिएको छ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालय अनुगमन लाई नियमित र प्रभाबकारी बनाइनेछ ।
- सानैदेखि बालबालिकाको खेल सीप विकास गर्न वडा स्तरीय र पालिका स्तरीय खेलकुदका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
- ३ ओटा प्राथमिक विद्यालयलाई नमुना प्रावि बनाउनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ
- पालिकाको भूगोल, वातावरण, ईतिहास, संस्कृत भाषा लगायतसँग परिचित गराइ त्यसको संरक्षणका गर्नका लागि स्थानिय पाठ्यक्रम तथा पाठ्यपुस्तक बनाई लागु गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

**स्वास्थ्य :**

- कोभिड १९ लगायतका संक्रमण रोकथामका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- स्वास्थ्यका करारमा रहेका कर्मचारीको न्यूनतम तलब वृद्धि गरिएको छ ।
- प्रजनन् अधिकारको सुनिश्चितता गर्न सुरक्षित गर्भपन सेवा थप २ वटा संस्थामा विस्तार गरिनेछ ।
- स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम् सेविकाको मनोवल बढाउन उत्कृट स्वयम्सेविका तथा स्वास्थ्यकर्मीलाई सम्मान तथा अवकाश हुने स्वयम् सेविका लाई सम्मान गरिने छ ।
- किशोर किशोरीको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै किशार किशारी मैत्री स्वास्थ्य सेवा विस्तार गरिनेछ ।
- सम्पूर्ण स्वास्थ्य संस्थामा विरामी बोक्नका लागि स्टेचर खरिद गरिनेछ ।
- रिपोर्टिङ् तथा कर्डिंङ्को अवस्थालाई प्रभावकारी गराउन प्रत्येक संस्थामा इलेक्ट्रोनिक रिपोर्टिङ् तथा रेकर्डिङ्का लागि ईन्टरनेट जडान गरि कम्प्युटर खरिद गरिनेछ ।
- पूर्ण संस्थागत सुत्केरी घोषणा तथा स्वास्थ्य संस्थामा गर्भ जाँचमा जोड दिइनेछ ।
- षोडशा स्वास्थ्य चौकीमा ल्याब व्यवस्थापनका लागि बजेटको व्यवस्था गरिनेछ ।
- बयालपाटा अस्पताल र मेल्लेख गाउँपालिकाको सहकार्यमा यस गाउँपालिकामा गर्भवती महिलाका लागि ल्याब सेवा संचालन गर्न बजेटको व्यवस्था गरिनेछ ।
- आयुर्वेद शाखाका लागि आवश्यक वजेट सहित व्यवस्थित गरिने छ ।
- सम्पूर्ण आमाहरुलाई तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा सुत्केरी हुन पाउने अधिकारको सुनिश्चितता गर्दै तालिम प्राप्त स्वास्थ्यकर्मी नभएको स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीका लागि तालिमको व्यवस्था गरिनेछ ।
- बहुक्षेत्रिय पोषण अन्तर्गतका योजनाहरुलाई निरन्तरता दिईएको छ ।
- हजार दिनका आमाहरुलाई १ घर एक करेसाबारी कार्यक्रम लागु गरिनेछ ।
- १५ शैया अस्पतालमा एम.वि.वि.एस डाक्टरलाई निरन्तरता दिई यसै आ.व.वाट व्यवस्थित ल्याव संचालन गरिनेछ ।
- १५ शैया अस्पतालबाट यसै आ.व.मा सामान्य शल्यक्रियाको सेवा गा.पा.बाटै दिने व्यवस्था मिलाउन प्रयास गरिनेछ ।

**खानेपानी तथा सरसफाई :**

१) मेल्लेख गाउँपालिकका अन्तर्गतका बाँकी वडामा एक घर एक धारा निर्माणको लागि पहल गरिनेछ

२) प्रत्येक वडामा रहेका वजार क्षेत्रमा फोहोर फाल्ने डस्वीनको ब्यवस्थापनको लागि विशेष पहल गरिन्छे ।

३) वडा नं. ३, ४, ५ र ७ मा साझेदारी संस्थासँग समन्वय गरी खानेपानी व्यवस्थापनको लागि पहल गरिनेछ

**संस्कृति प्रवर्द्धन** :

१) संस्कृति तथा कला क्षेत्र प्रवर्द्धन गर्नको लागि वजेटको व्यवस्थापन गरिनेछ ।

२) कला संस्कृति जगेर्ना गर्न प्रत्येक वडामा एक समुहमा **जामा, पुतला, हुड्नेर होली** ड्रेसको लागि रकम विनियोजन गरिनेछ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** :

१) महिला हिंसाको अन्त्य गर्न जनचेतनामूलक क्रियाकलापलाई निरन्तरता दिइने छ ।

२) छाउपडी कु प्रथा उन्मूलनको लागि वजेट विनियोजन गरिनेछ ।

४) जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तर दिइनेछ ।

५) अपाङ्गता भएका व्यक्तिहरुलाई उपचार र सामाग्रीको विशेष प्याकेज ल्याइनेछ ।

६) छुवाछूतको अन्त्य गर्न दलित लक्षित कार्यक्रमहरुलाई अगाडि बढाइने छ ।

७) सीप र क्षमतामा वृद्धि गर्नका लागि सीपमूलक तालिमको व्यवस्था गरिने छ ।

८) खेलकुदलाई प्रभावशाली वनाउन खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

९) सम्पूर्ण युवाहरुलाई विकास निर्माण र उत्पादनमूलक क्रियाकलापमा जोड्न वजेटको व्यवस्था मिलाईने ।

## (ग) पूर्वाधार विकास तर्फ :

**सडक तथा पुल**

१) गाउँपालिकाको मुख्य सडक पक्कीका लागि बजेट विनियोजन गरिनेछ ।

२) सबै वडाको वडा कार्यालयसम्म मुख्य सडकहरुको स्तरोन्नती गरिनेछ ।

३) सडक यातायातको पहुँच नभएका गाउँहरुमा नयाँ सडक निर्माणमा जोड दिइनेछ ।

४) सडक निर्माण गर्दा मेशिन भन्दा जनशक्ति प्रयोग गरी रोजगारी सृजना गरिनेछ ।

५) केन्द्र र प्रदेश सरकार तथा अन्य साझेदारहरुसँग योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

६) गाउँपालिकाको लगानी हुने योजनाहरुमा पनि रोजगारमूलक योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

७) विदेशवाट फर्किएको जनसंख्यालाई मध्यनजर गरी प्रधानमन्त्री रोजगार योजना लगायत थप कार्यक्रममा सहभागीता वढाई उत्पादनमूलक काममा लगाइने छ ।

८) सडक मर्मत कोषको स्थापना गरिनेछ । साथै, सडक मर्मत समूह स्थापना गरी नयाँ रोजगारी सिर्जना गरिने छ ।

## सिंचाई

१) आठ वटै वडामा एक/एक श्रोतमा आधारित वृहद् सिंचाइका योजनाहरु निर्माण गर्न पहल गरिने छ ।

## भवन तथा सहरी विकास

१) आफ्नो भवन नभएका वडाका वडा कार्यालय भवन निर्माण गर्न पहल गरिनेछ ।

२) सहरी विकास गर्नको लागि एकीकृत वस्ति विकासलाई विशेष जोड दिइनेछ ।

३) तीन पुस्ते लालपूर्जा नभएका अति विपन्न वर्गलाई आवश्यकता हेरी एकीकृत वस्ति निर्माणमा सहयोग गरिनेछ ।

४) कार्यालय कर्मचारीहरुको आवासका व्यवस्थाका लागि विषेश पहल गरिने छ ।

५) घरजग्गा नक्सा पास कार्यविधि पूर्ण रुपमा लागू गरिने छ ।

## उर्जा, लघु तथा साना जलविद्युत

१) विद्युतको केन्द्रीय प्रशारण लाइन गा.पा. भरी विस्तार गरिनेछ ।

२) ग्रामिण उर्जालाई ग्रेडमा जोड्न पहल गरिनेछ ।

३) साना जलविद्युत योजनाको संरक्षण गरिनेछ ।

४) सौर्य उर्जा, वायो ग्याँस र सुधारिएको चुलोको लागि आवश्यक वजेट विनियोज गरिनेछ ।

## सञ्चार

१) संचार माध्यमलाई व्यवस्थित गर्न संचार डेस्क निर्माण गरिनेछ ।

२) गाउँपालिकामा आई.टी.सेन्टर र ई पुस्तकालयको व्यवस्थापन गर्न पहल गरिनेछ ।

३) गाउँपालिका भरी इन्टरनेट उपलब्धताको लागि पहल भई अन्तिम अवस्थामा रहेको र सो सम्बन्धी थप पहल गरिनेछ ।

५) गाउँपालिका केन्द्रसम्म ल्यान्डलाइन विस्तारको लागि पहल गरिएको छ ।

सञ्चार नेटवर्कहरु संग 4G नेटवर्क विस्तार तथा सुधारका लागि पहल गरिने छ ।

**(घ) वन, वातावरण तथा विपद् ब्यवस्थापनः**

१) वन क्षेत्रलाई संरक्षण गर्न सामुदायिक वनका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

२) जल उत्पन्न प्रकोप नियन्त्रण गर्न विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिनेछ ।

३) फोहोरमैला व्यवस्थापन गर्न विशेष जोड दिइनेछ ।

४) विपदको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषको लागि वजेको व्यवस्था गरिनेछ ।

५) पूर्वाधार विकास क्रियाकलापहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

५ गाउँपालिका कार्यालयमा एक जना विपद् व्यवस्थापन फोकल पर्सनको व्यवस्था गरिने छ ।

६) जडिवुटी संरक्षण र प्रवर्द्धनको लागि वजेट विनियोजन गरिनेछ ।

७) सामुदायिक वन वनाउन प्रोत्साहन गरिनेछ ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

- कार्यपालिका कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा कार्यालयहरुको सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न सूचना प्रविधिमैत्री वजेट विनियोजन गरिएको छ ।
- सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि वजेट विनियोजन गरिनेछ र प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिएको छ ।
- कर्मचारी उत्प्रेरणाका लागि तालिम तथा पुरस्कारका व्यवस्था गरिनेछ ।
- अनावश्यक लाइन तथा भिडभाड नियन्त्रणका लागि Token System प्रणाली लागू गरिने छ ।

- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता पारदर्शिताका मापदण्डहरुलाई कडा रुपमा लागू गरिनेछ ।
- उपभोक्ता समितिमा एउटै व्यक्ति दोहारिने प्रवृतिको अन्त्य गरिने छ ।
- योजनाको सार्वजनिक सुनुवाईमा प्राविधिक, जनप्रतिनिधि, पत्रकार लगायतको अनिवार्य उपस्थिति गराइने नीति अवलम्वन गरिनेछ ।
- योजनाको रकम भुक्तानी दिनु अघाडी अनिवार्य रुपमा अनुगमन गरिनुपर्ने व्यवस्था गरिने छ ।
- योजना स्थलमा होडिङ्गवोर्ड अनिवार्य राख्ने व्यवस्था मिलाउने ।
-

**अन्तमा,**

संसार र मुलुकमै विषम परिस्थिति निर्माण गरेको कोरोना भाइरस महामारीसँग लड्न इच्छा शक्ति बलियो बनाई एकतावद्ध भएर जुटेको खण्डमा हामी फेरि पनि उठ्ने छौं । कार्यान्वयनका चरणमा रहेका कमजोरीहरुलाई सच्याउँदै अघि बढ्न हार्दिक अनुरोध गर्दै यस अप्ठेरो बेलामा पनि सहयोग गर्नु हुने नेपाल सरकार, प्रदेश सरकार तथा विभिन्न संघ-संस्थाहरु प्रति हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

सम्पूर्ण राजनीतिक दलहरु, शिक्षक, कर्मचारी तथा आम जनसमुदाय प्रति सहयोग र धैर्यताका लागि धन्यवाद दिंदै, आगामी दिनमा पनि सहयोगको आशा एवम् विश्वास व्यक्त गर्न चाहन्छु । धन्यवाद

२०७८ असार १०

***समाप्त***